# सेवा करारमा कर्मचारी पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१८ गते।**

प्रस्तुत विषय सम्बन्धमा वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सञ्चालनका लागि ललितपुर महानगरपालिका भित्र सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतीकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र उम्मेदवार स्वयंले प्रमाणीत गरेको कागजातहरु सहित आवेदन फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| वि. नं. | पद | माग संख्या | योग्यता |
|---|---|---|---|
| १/०८१/८२ | आप्रवासी स्रोत केन्द्र परामर्श कर्ता(पाँचौं तह) | १ जना | • मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तीर्ण भएको।<br>• परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा तीन वर्षको कार्य अनुभव भएको।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान/तालिम लिएको (word, Excel, Power point, Email/internet आदि)<br>• नेपाली र अङ्ग्रेजी दवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्न सक्ने ।<br>• स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ। |
| २/०८१/८२ | मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) | १ जना | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको प्रमाणपत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको।<br>• कम्प्युटर सम्बन्धी आधारभूत तालिम लिएको (word, Excel, Power point, Email/internet आदि)।<br>• नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्नसक्ने।<br>• वैदेशिक रोजगारीको क्षेत्रमा कामको अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ। |
| ३/०८१/८२ | रिटर्नी स्वयंसेवक | २ जना | • न्यूनतम कक्षा ८ पास<br>• खाडी मुलुक वा मलेसियामा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ।<br>• प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको। |

१. **उमेर हदः** दरखास्त वुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

२. **कार्य अवधिः** हाललाई २०८२ असार मसान्तसम्म ।

३. **परीक्षाको किसिमः** अन्तर्वार्ता मात्र हुनेछ।

४. **तलब तथा अन्य सुविधाः** सि.नं. १ र २ को हकमा सहायकस्तर पाँचौ तहको वरावर र सि.नं. ३ को हकमा मासिक तलव रु. १७,३००।-

५. **आवश्यक कागजपत्रहरूः** आवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २(दुई) प्रति साथै आफूले आवेदन दिन चाहेको पद प्रस्ट रूपमा खुलाई दरखास्त फारम साथ महानगरपालिकाको सामान्य प्रशासन महाशाखामा पेश गर्नुपर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरूलाई छनोट प्रक्रियामा समावेश गरिने छैन। स्थानीय व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

६. **दरखास्त दस्तुरः** आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता र मनोसामाजिक परामर्शकर्ताका लागि रु. ७००।– र रिटर्नी स्वयंसेवकको हकमा रु. १००।–

७. **दस्तुर रकम बुझाउने स्थानः** यस कार्यालय हाताभित्र रहेको नेपाल बैंक लि. को राजश्व खाता नं. ०१८०३०००००१००१००००००१ मा जम्मा गरेको भौचर अनुसारको नगदी रसिद दरखास्त फारम साथ वुझाउनुपर्नेछ ।

८. **छनोट प्रक्रियाः** प्रारम्भिक छनोटमा (सर्टलिस्ट) परेका उम्मेदवारहरूलाई मात्र अन्तर्वार्तामा समावेश गरिनेछ।

९. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनसम्म कार्यालय समयभित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपश्चात कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र दरखास्त फारम वुझाउन सकिनेछ ।

१०. दरखास्त फाराम यस कार्यालयको वेबसाइट **https://lmc.gov.np/** वाट डाउनलोड गर्न सकिनेछ।

११. न्यूनतम शैक्षिक योग्यता पुरा नभएका वा रितपूर्वक नभएका दरखास्त फारम उपर कुनै कारवाही गरिने छैन ।

१२. यस सम्बन्धी थप कुरा वुझ्नु परेमा यस कार्यालयको सामान्य प्रशासन महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर